Downloaded From: http://iasexamportal.com

C–DRN–N–PFQC

Exam : 2014

NEPALI

**( Compulsory )**

Time Allowed : Three Hours

Maximum Marks : 300

**QUESTION PAPER SPECIFIC INSTRUCTIONS**

**Please read each of the following instructions carefully before attempting questions**

All questions are to be attempted.

The number of marks carried by a question is indicated against it.

Answers must be written in NEPALI (Devanagari script) unless otherwise directed in the question.

Word limit in questions, wherever specified, should be adhered to and if answered in much longer or shorter than the prescribed length, marks may be deducted.

Any page or portion of the page left blank in the Question-cum-Answer Booklet must be clearly struck off.



Downloaded From: http://iasexamportal.com

Downloaded From: http://iasexamportal.com

**1.** तल दिइएकामध्ये कुनै एक विषयमा ६०० (छ सय) शब्दभित्र निबन्ध लेख्नुहोस् : 100

(a) राजनीतिमा नारीको भूमिका

(b) के चीनको आर्थिक वृद्धिमा भारत त्रस्त छ?

(c) भारतीय समाजमा विवाह-विच्छेद ग्राह्यतामा वृद्धि

(d) के कठोर कानूनले नैतिकतालाई प्रभाव पार्छ?

**2.** तल दिइएको परिच्छेद सावधानीपूर्वक पढ्नुहोस् अनि आफ्नो भाषामा स्पष्ट र शुद्ध रूपमा प्रश्नहरूका उत्तर लेख्नुहोस् : 12×5=60

युगौं अघिदेखि वैश्विक अनुपातमा मानिसको बसाइँ-सराइ शुरू भएको हो जब मानवजाति विभिन्न कारणले एक ठाउँदेखि अर्को ठाउँ भिन्न-भिन्न झुण्डहरूमा आउ-जाउ गर्न थाले; वस्तुभाउको चरण तथा खेतीयोग्य भूमि खोज्दै, अत्याचार र दमनबाट जोगिन खोज्दै, आस्था र अभिव्यक्तिको स्वतन्त्रता खोज्दै, अथवा डुलिहिँड्ने कारणले पनि आश्रय खोज्न थालेको हो। आगन्तुकहरूले आफू सँगसँगै आफ्ना सांस्कृतिक पेवाका सम्पत्तिहरू लिएर हिँड्छन् अनि तिनीहरूलाई विकसित गर्ने उपाय खोज्छन् अथवा नयाँ बन्दोबस्तमा लाग्छन्। युद्ध वा व्यापार वा विवाह वा सामान्य धन्दाहरूका माध्यम भेटे जति अन्य जातिहरूसँग तिनीहरू मिसिन्छन्। शुरूमा परिवर्त्तनको गम्भीर समय हुन्छ, त्यसपछि सामान्य शान्ति छाउँछ, अनि शान्तिको कला र सीपहरू फस्टाउन लाग्छ। दिनु र लिनु सम्बन्धको आधार बन्छ। उन्मुक्त वातावरणमा कुनै संस्कृतिको आधिपत्यबिनानै प्रत्येक समूहले विकास गर्दै एउटा भिन्न जातीय समाज तयारी हुन्छ। यसरी नै मंगोलियाका मानिसहरूले अलास्का पार गरेका हुनसक्छ; यसरी नै एंग्लो-सेक्सनहरू ब्रिटेन आएका हुन्, यसरी नै सायद मोजेसले आफूले चुनेका मानिसहरूलाई क्याननल्याण्डमा ल्याएका हुन् अथवा आफूले चाहेका भूमि खोजी गरेका हुन्। यसरी नै सायद कोलम्बसले यूरोपीय राष्ट्रहरूलाई वैश्विक अभियानमा पुऱ्याएका हुन्। त्यसपछिनै अन्य देशहरू र संस्कृतिहरूमाथि विजयी बन्दै उपनिवेशीकरण थालिएको हो, अनि तिनीहरूलाई विजेताहरूले आफ्नो अधीनमा ल्याएका हुन्। आज एक देशदेखि अर्को देशमा व्यापक बसाइँ-सराइको लागि व्यापार-वाणिज्य नै शक्तिशाली माध्यम भएको छ। यी सबै सांस्कृतिक मिश्रणका उदाहरणहरू हुन्। प्रत्येक जातिले नै पैत्रिक-प्रेरणा, पुरानो घरप्रतिको मोह, समय, वंश अथवा दुवैले पछिबाट पुराना सम्बन्धहरूको सामान्य छाप प्राप्त गरेकै हुन्छ। अर्को युगमा सायद, कसैले पनि भन्ने धृष्टता गर्लान्, विश्व-जनसङ्ख्याले आफ्नो पुरानो आञ्चलिक सम्प्रीतिलाई जोगाउन कठिन पर्नेछ। जुन समयमा तिमी जहाँ छौ त्यही ठाउँ तिम्रो हुन्छ। नयाँ ठाउँको बनस्पति र प्राणीसँगै तिमीले लय मिलाउनु पर्ने हुन्छ। गाउँ विश्वसँग जोडिन्छ। केही मात्र हुन्छन् जसले आफ्नो पुरानो परिचय पाउन सक्छन्। नयाँ व्यस्तताले जतातत‌ै उथलपुथल ल्याउनेछ। पहिलेका परम्परागत वंशहरू दूरदर्शी छन्, हराएका मौलिक परिचयको भावुकतादेखि मुक्त छन्। कुनै पुरुष वा स्त्री धेरै समयसम्म अलग बस्न सक्तैनन्—त्यस्तो परम्परा नै छैन। केही समयमानै मध्यमार्गी र आन्तरिक ताकतले काम गर्न थालिहाल्छ। प्रत्येक व्यक्ति-विशेष नागरिकले आफ्नो अस्तित्वमा आउनलाई कैयौं पिँढीदेखि प्रार्थना गरिरहेका छन् अनि गरिसकेका छन्, आफ्ना आस्थाहरू जोगाउन र वाह्य प्रभावहरूको बाधाहरूलाई उचित ढंगले सामना गर्नु परेको हुन्छ, अनि अझै हामी आफै राम्ररी जान्दछौं, कति सम्वेदनशील, कति आक्रामक, कति विचित्र, कति अचाहिँदो कुराहरू र प्रतिक्रियाहरूमा निर्लिप्त, कति स्वतन्त्र अनि अझै कति सहजै भर



Downloaded From: http://iasexamportal.com

Downloaded From: http://iasexamportal.com

पर्ने हुन्छौं। जीन, डी० एन० ए० र आर० एन० ए० पहिलेबाटै जटिल छन्। अघि के भएको थियो प्रत्येक शिराले थाहा गरिरहेको छ; शरीर, मन र आत्मिक-स्व अरूले के सोंच्छ, भन्छ अनि गर्छ भनेर सम्वेदनशील छन्। डर जन्मनु अज्ञानता हो, डरले घृणा उत्पन्न गर्छ, घृणाले आत्म-विश्वास नष्ट गर्छ, अनि त्यसले हानि र मृत्यु नै निम्त्याउँछ। धेरै प्राचीन संस्कृतिहरूले धेरै समयदेखि यस्तै पतन देखिसकेको छ। आफू बाँच्नु अरूलाई पनि हेर्नुपर्छ, यदि तिनीहरू नरकमा किन नै हुन्।

*(a)* कसरी बसाइँ सर्ने मानिसहरूले आफ्नो बसोबासका लागि त्यस क्षेत्रका मानिसहरूसँग प्रथम पटक बर्ताव गर्छन्?

*(b)* पहिलेका युगमा मानिसहरूले बसाइँ सर्ने कारणहरू के-के थिए? त्यसबेलाका बसाइँ-सराइका कारणहरूसँग अहिलेको बसाइँ-सराइका कारणहरू कसरी भिन्न छन्?

*(c)* संस्कृति कसरी एका-अर्कामा मिसिन्छ?

*(d)* कसरी धेरै प्राचीन संस्कृतिहरू पतन भएका छन्?

*(e)* किन लेखकले यसो भन्छन् कि "कुनै संस्कृतिलाई अलग रहनु सम्भव छैन?"

**3.** दिइएको पाठलाई यसको आयामभन्दा एक-तृतीय भागमा छोटो बनाउनुहोस्। शीर्षक दिनु पर्दैन : 60

जब हामी कुनै कामका लागि आवेदन गर्छौं, अनि लेख्न थाल्छौं, साधारणतः आफ्ना सबै राम्रा अनुभवहरूलाई प्रमुखता दिन चाहन्छौं, हाम्रो पृष्ठभूमि अनि आफैलाई पनि। धेरै मानिसहरू आफ्नो योग्यताका कठिनाईहरूलाई लुकाउन चाहन्छन् अनि आफ्नो उपलब्धिहरूलाई केन्द्र बनाउन चाहन्छन्। जब नियुक्तिकर्त्ताहरूले यी सब विवरण पढ्छन् प्रायैः तिनीहरू सोंच्न पुग्छन् कि यसरी विवरण दिनेहरू पहिले कोही थिएनन्। हामी आफैले सकेसम्म कामका लागि राम्रा कुराहरूलाई प्रदर्शन गर्नुपर्छ।

यस सन्दर्भमा, खेल संसारमा एउटा सत्य कथा छ। विश्वविद्यालयका फुटबल दलले दौडने अभ्यास गरिरहेका हुन्छन्। एकजना खेलाडी लाइनम्यानको रूपमा हुन्छ। धेरै खेलाडीहरू खेल्ने तयारीमा हुन्छन् अनि तिनीहरूसँग द्रुत लाइनम्यान छ भन्ने हुन्छ। एक दिन, उ आफ्नो कोचकहाँ पुग्छ र भन्छ "म द्रुत गतिमा पछिबाट कुद्न पाउँछु?" कोचले अनुमति दिन्छन्। लाइनम्यान सधैं दगुर्न लाग्छ, तर सधैं उ पछिनै पर्छ। दिन प्रतिदिन, उ कुद्छ तर पछिनै पर्छ, प्रत्येक दिननै उ हार्छ। यस्तो नै हुन्छ किनभने लाइनम्यान साधारणतः द्रुत नभएर पछिनै कुद्नुपर्छ।

कोचलाई यी सब अचम्भ लागिरहेको हुन्छ, उ आफैलाई सोध्छ, "किन यी फुटबल खेलाडी असल दगुर्नेहरूसँग खेल्छन् अनि नियमित रूपले पछिनै हुन्छन् जब उ लाइनम्यानसँगै कुद्नसक्छ भने कसरी द्रुत दगुर्ने हुन्छत?"

कोचले जवान मान्छेलाई नियाले अनि लाइनम्यानलाई धेरै पटक हारेको देखेर निर्णय गरी सोधे : "तिमी किन विजेता हुन चाँहदैनौ अनि अरू लाइनम्यानहरूसँग दगुर्न चाँहदैनौ, जहिले पनि पछिनै दगुरेका हुन्छौ?"

फुटबल खेलाडीको उत्तर सुनेर उ अवाक् भयो। त्यो जवान मान्छेले भन्यो, "म यहाँ लाइनम्यानलाई उछिन्ने पक्षमा छैन। मैले अघिबाटै जानेको छु म त्यो गर्नसक्छु। कसरी द्रुत दौडन सकिन्छ भनेर म यहाँ सिक्न आएको छु, अनि यदि तपाइँले यो बुझ्नुभयो भने प्रत्येक दिननै अलि-अलि गरेर म पछि हुन छोड्नेछु!"



Downloaded From: http://iasexamportal.com

Downloaded From: http://iasexamportal.com

यस प्रकारको अनुभवले हाम्रो आत्मिक उन्नति हुन्छ। जहाँ पनि सांसारिक कामहरूसँगै, हामी जहिले पनि असलभन्दा असल हुन चाहन्छौं; आत्मिक कार्य गर्दा, ईश्वरबाटै हामी भएका हौं भन्ने कुरा लुकाउन सक्तैनौं। हाम्रा उन्नति ईश्वरका लागि एउटा खुल्ला किताब हो। जे आशीर्वादहरू प्राप्त गरेका छौं, आत्मिक उन्नति गर्नलाई ती सबै इमान्दार प्रयासहरूमा आधारित छन्। हामी आफ्ना आत्मिक प्राप्ति र असफलताका सत्यलाई स्रष्टादेखि लुकाउन सक्तैनौं।

फुटबल खेलाडीले बुझ्यो कि पूर्व-गौरवहरूलाई बिर्सेर सुधार गर्न उसलाई सम्भव छैन। आफैले आफूलाई चुनौती दिएर मात्र सुध्रिनु सकिन्छ भनेर उसले बुझ्यो। धावकको रूपमा आफ्ना कमजोरीहरू हेर्दै उसले ती कार्यहरू सुधार्न थाल्यो। आफैले आफ्नो विरोध गर्दै कोभन्दा को कम भन्ने भावना लिएर उ अग्रसर बन्न चाह्यो, उसको कमजोरीहरू देखा पर्दै गयो, अनि ती सबैलाई आत्मसात गर्दै अघि बढ्न थाल्यो। उ सुधारकै पछि लाग्यो, मान र प्रशंसाको पछि लागेन।

फुटबल खेलाडीले अरू धावकहरूले के गरिरहेका छन् हेर्नु पर्छ अनि आफ्नो योग्यताको विकास गर्न सक्नु पर्छ। पराजयहरूले उसलाई आउने दिनहरूमा अझ राम्रो गर्ने संकेत गरेको हुन्छ। यसो गर्दै, प्रत्येक दिन उ अलि-अलि मात्रले पछि पर्न थाल्यो। जब हामी हाम्रा असफलताहरूलाई नियाल्छौं, प्रत्येक दिन हामी के-कति असल गर्न सक्छौं भन्ने बुझ्छौं। त्यसपछि, प्रयास गर्दै जाँदा विगतका दिनहरूभन्दा थोरै मात्र असफलताहरू रहेका हुन्छन्। समय आउँदा पूर्णरूपले हामी त्यस स्थितिमा पुगेका हुन्छौं अनि असफलताहरू शून्य रहेका हुन्छन्। ईश्वरबाट हामी हाम्रा असफलताहरूलाई लुकाउन सक्तैनौं, जसले सबै देख्छन्। ईश्वर चाहन्छन् असफलताहरूलाई सामना गर्ने हाम्रा इमान्दार प्रयासहरू। जब ईश्वर हामीलाई बनाउन चाहन्छन्, उनी हाम्रा असफलताहरूलाई मूल्याङ्कन गर्छन्; हाम्रा समस्याहरू, हाम्रा पवित्रताहरूलाई जोखिरहेका हुन्छन्। ईश्वरले त्यसपछि खुबै नम्रता र आशीर्वादसँग हामीलाई जवाब दिइरहेका हुन्छन्। यसैले, यदि हामी अझै संघर्षरत भयौं भने, हामीले मदत पाउनेछौं। ईश्वरले हामीलाई आफ्ना असफलताहरूसँग सामना गर्नलाई प्रेरणा दिइरहेका हुन्छन् जसलाई हामी सफल पार्न सक्छौं अनि प्रगति गर्न सक्छौं।

**4.** दिइएको गद्यांशलाई नेपाली भाषामा अनुवाद गर्नुहोस् : 20

Most people involved in the film production industry know that there is a constant evolution. The change is in the way movies are made, discovered, marketed, distributed, shown, and seen. Following independence in 1947, the 1950s and 60s are regarded as the 'Golden Age' of Indian cinema in terms of films, stars, music and lyrics. The genre was loosely defined, the most popular being 'socials', films which addressed the social problems of citizens in the newly developing state. In the mid-1960s, camera technology revolutionized the documentary method by enabling the synchronized recording of image and sound. Today, CINEMA 4D users are free to create scenes without worrying about the size of objects or how many objects are in the scene, shaded settings, texture size, multipass-rendering or eye-catching particle systems.

Until the 1960s, filmmaking companies, many of whom owned studios, dominated the film industry. Artistes and technicians were either there employees or were contracted on a long-term basis. Since the 1960s, however, most performers went



Downloaded From: http://iasexamportal.com

Downloaded From: http://iasexamportal.com

the freelance way, resulting in the star system and huge escalations in film production costs. Financing deals in the industry also started becoming murkier and murkier, since then. According to estimates, the Indian film industry has an annual turnover of ₹ 60 billion. It employs more than 6 million people, most of whom are contract workers as opposed to regular employees. In the late 1990s, it was recognized as an industry.

More money impacted the perception, visual representation, and definitions of reality. Like any other media of mass communication, the themes are relevant to their times.

Thus, filmmaking became more expensive and riskier. As opposed to the time of the Gemini Studio, when only 5 percent of a movie was shot outdoor, filmmakers often select overseas locations in order to create greater realism, manage costs more efficiently or source people and props. Filmmakers spend considerable time scouting for the perfect location.

**5.** दिइएको पाठलाई अंग्रेजीमा अनुवाद गर्नुहोस् : 20

परिहास मानिसको योग्यता वा गुण हो, जसले विशेष स्थितिहरूको उत्पन्न गर्न साथै मनोरञ्जनको अनुभूति गराउँछ। यो पदले आमोद-प्रमोदको रूपलाई समाहित गरेको हुन्छ अथवा मानव-मानवमाझको सम्पर्कमा त्यस्तो अनुभूतिहरू जगाउँछ, अथवा जसले मानिसलाई हसाउँछ वा खुशी तुल्याउँछ।

आलोचना छलफल गर्ने प्रक्रिया हो अथवा अर्थप्रकाशनको सूचना हो। निर्माणात्मक आलोचना सम्पर्करूप हो, जसमा कुनै व्यक्तिले अर्को व्यक्तिको व्यवहारलाई एकाधिपत्यहीन ढंगमा संशोधन गर्ने प्रयास गर्छ, अनि सामान्य रूपमा, त्यस्तो कुटनैतिक रूपमा कुनै अर्को व्यक्तिले सामाजिक रूपले गरेको भूल कुराहरूलाई सुधार्ने प्रयास गर्छ। कुनै घोषणा वा अपमानका विरुद्धमा 'सकारात्मक' छ अनि जसको अर्थ शान्तिपूर्ण र सदिच्छापूर्ण ढंगमा संशोधन गर्नु हुन्छ।

व्यङ्ग्य आलोचकद्वारा प्रयोग गरिने साधन हो। यो साधारण रूपमा चुट्किलो र रमाइलो हुन्छ; यदपि व्यङ्ग्यको उद्देश्य सामान्य परिहास गर्नु होइन तर कुनै घटनाको आलोचना, वैयक्तिक वा सामूहिक चतुर स्वभावलाई दर्शाउनु हुन्छ।

व्यङ्ग्य एउटा अत्यन्त महत्त्वपूर्ण साहित्यिक पद हो। यसको सधैं एउटा निश्चित लक्ष्य हुन्छ, कुनै व्यक्ति वा समूह, कुनै विचार वा धारणा, संस्था वा सामाजिक व्यवहारहरूलाई यसले लक्ष्य गरेको हुन्छ। कुनै पनि स्थितिमा हास्यात्मक बनाउनु यसको लक्ष्य हुन्छ।

व्यङ्ग्यले धेरैजसो रीस र परिहासलाई समेटेको हुन्छ, यो विशेषरूपले विरोधितामूलक हुनसक्छ किनकि यो खासगरी व्यङ्ग्यमूलक हुन्छ, गम्भीर व्यङ्ग्यहरू भएकोले यसलाई अप्रिय वचन वा छेडछाड पनि भनिन्छ, यो धेरैजसो भ्रमात्मक हुन्छ।



Downloaded From: http://iasexamportal.com

Downloaded From: http://iasexamportal.com

यो एउटा कलात्मक परिपाटी हो जसमा मानवका वैयक्तिक त्रुटिहरू, मूर्खता, निन्दा र कमजोरीहरू गाँसिएका हुन्छन् जसद्वारा सुधारका लागि ठट्टा, खिसीट्युरी, छेडछाड तथा अरूनै प्रकारका माध्यमहरू अप्नाइएका हुन्छन्। साहित्य र नाटक यसलाई चलाउने प्रमुख सञ्चालकहरू हुन्, तर यो चलचित्र, दृश्य-कला तथा राजनैतिक चित्रहरूको माध्यमका रूपमा पनि पाइन्छ। होरेसअनुसार, व्यङ्ग्यकार संसारका सुसभ्य मानिस हो जसले चारैतिरका मूर्खता देख्छ साथै भद्र प्रकारले क्रोध नदेखाई हँसाउने गर्छ।

**6.** *(a)* तलका उखानहरूको अर्थ खोल्नुहोस् : 2×5=10

*(i)* नमच्चिने पिङ्गको संय झट्का

*(ii)* अचानाको पिर खुकुरीले जान्दैन

*(iii)* घरको बाघ बनको स्याल

*(iv)* भालुको मन खन्युमाथि

*(v)* आकाशको फल आँखा तरी मर

*(b)* तलका शब्दहरूको विपरीतार्थक शब्द लेख्नुहोस् : 2×5=10

*(i)* आयात

*(ii)* ज्ञाता

*(iii)* दाता

*(iv)* विग्रह

*(v)* उष्ण

*(c)* तलका शब्दहरूको तीन-तीन पर्यायवाची शब्द लेख्नुहोस् : 2×5=10

*(i)* अमृत

*(ii)* एकान्त

*(iii)* जीवन

*(iv)* प्रासाद

*(v)* रात

*(d)* तलका श्रुतिसम शब्दका भिन्नार्थ स्पष्ट पार्नुहोस् : 2×5=10

*(i)* चीर/चिर

*(ii)* कोष/कोश

*(iii)* देखि/देखी


*(iv)* प्रदान/प्रधान

*(v)* लामा/लामा

★★★



Downloaded From: http://iasexamportal.com




## What you will get:


- 100% G.S. Syllabus Covered
- 8+ Booklets
- More Than 2500+ Pages
- Guidance & Support from Our Experts

## Our Objectives:

- Firstly to cover 100% civil service Mains examination (IAS) syllabus.
- Secondly to compile all the required study materials in a single place, So to save the precious time of the aspirants.

For More Information Click below Link

http://iasexamportal.com/civilservices/study-kit/gs-mains




# Online Coaching for IAS Mains General Studies I, II, III & IV (Combo)

## What you will Get (?)

- **General Studies (Paper – I, II, III & IV) Online 100 % Reading Material of the Syllabus (Which can be saved easily)**
- **Slides (For Giving Summary of Each Topics)**
- **Categorized Unit and Sub-Unit Wise Question Papers of General Studies**
- **Current General Studies Magazine (Indispensable Magazine for General Studies)**
- **Daily Answer Writing Challenge for IAS Mains Contemporary Issues**
- **It is full of tips on areas of emphasis, caution while reading and writing , how to write the answer (?) .**
- **Model Test Question Paper for General Studies - I, II, III and IV for Mains Exam 2015**
- **Online and Telephonic interaction with the course director, and continuous evaluation through a regular online writing session in every chapter and topic.**

For More Information Click below Link

http://iasexamportal.com/civilservices/courses/ias-mains-gs-combo




# G.S. FOUNDATION COURSE (PRELIMINARY+ MAINS)

---

**Dear Aspirants,**
The Indian Civil Services examination is conducted by the Union Public Service Commission (UPSC) every year.

The competitive examination comprises of three stages :

- Preliminary Examination – (Objective Test)
- Main Examination (Written )
- Interview Test

The examination schedule is announced during January - February.

The Preliminary held in May-June and the results are announced in July-August.

The Main examination held in October-November and the candidates those who qualify at this stage are invited to the interview in March-April next year.

## We will provide you:

- BOOKS
- STUDY KITS
- MAGAZINES
- Mock Test Papers
- Monthly Magazine- Civil Services Mentor
- Gist of Important Newspapers
- Free Access to Online Coaching at IASEXAMPORTAL
- Previous Year paper’s with solution
- Previous Year question’s trend analysis
- Free Login Access worth Rs 1999 for IAS PRE 2015
- Free Gist Subscription worth Rs 449
- Free Weekly Subscription worth rs 399
- TELEPHONIC/EMAIL GUIDANCE WITH COURSE CO-ORDINATOR

**For More Information Click Given below link:**

http://iasexamportal.com/civilservices/study-kit/ias-pre/general-studies-foundation-course